# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गल्याङ नगरपालिका

स्याङ्जा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गल्याङ नगरपालिका

स्याङजा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गल्याङ नगरपालिका

स्याङजा


**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी**

पत्र संख्याः २०७९।८०
च.नं. १०६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
गल्याङ्ग नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
स्याङ्गजा ।

**कैफियत सहितको राय**

हामीले गल्याङ्ग नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ५ करोड १ लाख ७६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १ करोड ८६ लाख फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३६ लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५९ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु २८ लाख १ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १० करोड २ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १३ करोड १८ लाख ५५ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

गल्याङ्ग नगरपालिका, स्याङ्गजा

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३० | ४६ | ५०१७६ | ० | १५ | १८६०० | ३० | ३१ | ३१५७६ | ३६३१ | २८०१ | २५९५४ | ० | ० | २८७५५ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १९ | मुल्य अभिवृद्धि कर असुल भई दाखिला | १८३ |
| २ | २२ | पेश्की फछ्र्यौट भएको | २५१० |
| ३ | २३ | दरबन्दी भन्दा बढि खर्च भएको नियमित भई आएको | ५१९८ |
| ४ | २७ | घटी कार्यसम्पादन जमानत पेश भई आएको | २१०८ |
| ५ | ३६ | बिल भरपाई पेश भई आएको | १५०० |
| ६ | ३७ | गत वर्षको भुक्तानी दिन बाँकीको विवरण प्रमाणित भई नियमित भएको | ६५४ |
| ७ | २६ | प्रोत्साहन भत्ता नियमित भएको | ३२१९ |
| ८ | ३१ | महंगी भत्ता असुल भई दाखिला | ४४ |
| ९ | ४९ | दोहोरो प्रोत्साहन भत्ता नियमित भएको | ३१७ |
| १० | ४७ | गाई तथा भैंसीको बिमा गरेको प्रमाण पेश भई आएको | ९०४ |
| ११ | ५० | कार्यपालिका सदस्यको बढि तलब भुक्तानी रकम असुल भई दाखिला | २६ |
| १२ | ६२ | जनसहभागिता वापतको रकम नियमित भई आएको | १८७४ |
| १३ | ७३.२ | ओभरहेड रकम असुल भई दाखिला | ६३ |
| | | जम्मा | १८६०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गल्याङ्ग नगरपालिका, स्याङ्गजा | १५५८५० | ० | ५५५७१ | १००२७९ | ० | ३१५७६ | १३१८५५ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गल्याङ नगरपालिका, स्यांजा , गल्याङ नगरपालिका , स्याङ्जा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Damodar Sharma | २०७८-१-२७ | २०७८-११-१५ |
| लेखा प्रमुख | tejan gaihre | २०७९-५-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bhojraj Bagale | २०७७-४-१ | २०७८-९-३० |
| | | **बेरुजु रकम** | ३१५७७५६३८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,८५,३५,३३५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५२,२५,४९,०७० | **चालु खर्च** | ४८,५८,६४,८९२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०५,७३,६२६ | **पूँजीगत खर्च** | २४,०५,८७,८३२ |
| **राजश्व बाँडफाँट** | ९,३३,८९,०३६ | **वित्तीय/अन्य व्यवस्था** | १५,६४,६६,५३० |
| **आन्तरिक आय** | ७,८३,७५,६७१ | | |
| **अन्य आय** | १९,६०,१३,३०६ | | |
| **कुल आय** | ९१,०९,००,७०९ | **कुल खर्च** | ८८,२९,१९,२५४ |
| **बाँकी मौज्दात** | | १०,६५,१६,७९० | |

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br>लेखापरीक्षणको क्रममा विभिन्न विद्यालयलाई बढि निकासा भएको २ लाख ३० हजार असुल भएको।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br><br>परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ११ वडा १२२.७१ व.कि.मि.क्षेत्रफल र ३६९६७ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरिक्षण<br><br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण नमुना छनौट लिखित प्रतिनिधित्व पत्र लेखापरीक्षण नीति मानदण्ड मार्गदर्शन निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तिय प्रतिवेदन<br><br>
<table>
<tr><td colspan="5">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="3">यस वर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>८२९०९२९००</td><td>७२६४५२७२४</td><td>७२६४५२७२४</td></tr>
</table></td><td></td></tr>
</table>

| क्र.म | भौन | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८२१०९२९०० | ७१४८८७४०४ | ७१४८८७४०४ | |
| | | | ११००० कर | ११ | ११२७६१००० | ११३८१७६०३ | ११३८१७६०३ | |
| | | | १३००० अनुदान | | ६३४४९५००० | ५४३१२२६९६ | ५४३१२२६९६ | |
| | | | संघीय सरकार | १२ | ६०४५४४००० | ५२२५४९०७० | ५२२५४९०७० | |
| | | | प्रदेश सरकार | १२ | २५९५१००० | २०५७३६२६ | २०५७३६२६ | |
| | | | अन्तरिक श्रोत | | ४०००००० | ० | ० | |
| | | | १४००० अन्य राजस्व | | ७३८३६९०० | ५७९४७१०५ | ५७९४७१०५ | |
| | | | ख. अन्य प्राप्ति | | ८०००००० | ११५६५३२० | ११५६५३२० | |
| | | | कोषहरु | | ८०००००० | ८०००००० | ८०००००० | |
| | | | धरौटी | | ० | ३५६५३२० | ३५६५३२० | |
| | | | भुक्तानी (ग+घ) | | ९०२२९२९०० | ६९८४७१२६९ | ६९८४७१२६९ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८९४२९२९०० | ६८८५२१९८१ | ६८८५२१९८१ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २९१९८१००० | २७७८७३१३४ | २७७८७३१३४ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३८१३८५६५ | १०९६५२३८४ | १०९६५२३८४ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ३७४७४००० | ३३४९५५७९ | ३३४९५५७९ | |
| | | | २६००० अनुदान | १८ | ६५,००० | ६५,००० | ६५,००० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १७२७२००० | १०३७०६०१ | १०३७०६०१ | |
| | | | २८००० अन्य खर्च | १८ | १८०८६९०० | १६४७७४५१ | १६४७७४५१ | |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३१००० गैर वितीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३९१२७५४३५ | २४०५८७८३२ | २४०५८७८३२ |
| घ. अन्य भूक्तानी | | ८०००००० | ९९४९२८८ | ९९४९२८८ |
| कोषहरु | | ८०००००० | ७२८४३५२ | ७२८४३५२ |
| धरौटी | | ० | २६६४९३६ | २६६४९३६ |
| ङ. यो वर्षको बचत (न्युन) | | -७३२०००००० | २७९८१४५५ | २७९८१४५५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७८५३५३३५ | ७८५३५३३५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -७३२०००००० | १०६५१६७९० | १०६५१६७९० |
| बैंक तथा नगद बाकी | २४ | | १०६५१६७९० | १०६५१६७९० |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तिय विवरण**<br><br>स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप) २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>· स्थानीय सरकार सञ्चालन ऐन२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था | |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन । | |
| ६ | | | **आन्तरिक नियन्त्रण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन२०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिकवार्षिकरणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । | |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 7(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन<br>· स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन२०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्ययअपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक | |

| क्र. म | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।<br>· निजामती सेवा ऐन 2049दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको<br>· वातावरण संरक्षण ऐन२०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण१०० मि सम्मको पुललिफ्ट सिँचाइसडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको<br>· स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको<br>· सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्नुपर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गूरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शिर्षक अन्तर्गत पुँजिगत बजेट | |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अन्तर्गतको रु२४ करोड ५ लाख ८७ हजार खर्च गरेकोमा खरिद योजना तथा खरिदको गुरुयोजना नबनाई खर्च गरेको देखियो । अत पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना तथा खरिद गुरुयोजना बनाई व्यवस्थित किसिमले प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।<br>· निजामती सेवा ऐन २०४९ को दफा ७२ (ख) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ । पालिकाले गाउँपालिका र स्वास्थय तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलब खर्चमा रु ५ करोड २८ लाख ५६ हजार खर्च गरेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन गर्न सक्ने आधार देखिएन ।तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्दछ<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई बमोजिमको कार्य भएको देखिएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।<br>· स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को बुँदा नम्बर २.९ मा गाउँ । नगर सभाबाट स्वीकृत बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । गाउँ । नगर सभाबाट स्वीकृत बजेट रु ८९ करोड ४२ लाख ९२ हजार समय सीमा सहितको कार्ययोजना बनाएको देखिएन । स्वीकृत बजेटको समय सीमा सहितको कार्ययोजना नबनाउँदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्छ । स्वीकृत बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन समय सीमा सहितको कार्ययोजना बनाई बजेट कार्यान्वयन हुनु पर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **विविध तथा खाना खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट ३५ लाख १७ हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **अनुगमन तथा भ्रमण खर्च**<br><br>भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु २९ लाख ५ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन भ्रमण अभिलेख दुरीको विवरण सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ | |
| ९ | | | **अवण्डा बजेट**<br><br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन२०७४को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले विपद व्यवस्थापन कोषमा रु ८० लाख अवण्डा बजेट राखि आर्थिक सहायता वितरण गरेको छ। एकमुष्ट बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट आर्थिक सहायता खर्च गरेकोले यसरीखर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |
| १० | | | **क्षेत्रगत बजेट**<br><br>स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।८९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

क्षेत्रगत बजेट तथा खर्च

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,६४,५०,००० | ३,८७,००,८४९ | ५८.२४ |
| २ | सामाजिक विकास | ४१,६८,७५,००० | ३७,०५,२७,४९१.३९ | ८८.८८ |

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>२५,४५,६७,४३५</td><td>१५,३७,३१,७५९</td><td>६०.३९</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२,३६,२२,५६५</td><td>१,२९,३२,३१७</td><td>५४.७५</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१३,२७,७७,९००</td><td>११,२६,२९,५६५.०२</td><td>८४.८३</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>८९,४२,९२,९००</td><td>६८,८५,२१,९८१.४१</td><td>७६.९</td></tr>
</table>
उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको ५४।७५ % रहेको छ भने सामाजिक विकासमा ८८।८८ खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
कार्यक्रमगत प्रगतिः<br><br>
पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पूँजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:
<table>
<tr><td>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</td><td>विनियोजन</td><td>खर्च</td><td>खर्च (%)</td></tr>
<tr><td>विपन्न नागरिक शौचालय निर्माण सामाग्री खरिद</td><td>१०,००</td><td>०</td><td>०</td></tr>
<tr><td>विपन्न घरेलु बायोग्यास निर्माण</td><td>२२,००</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रशासकीय भवनसम्म पहुचमार्ग निर्माण</td><td>५०,००</td><td>०</td><td>०</td></tr>
<tr><td>माथिल्लो गराङ्दी खानेपानी</td><td>५,००</td><td>०</td><td>०</td></tr>
<tr><td>गयाङ-तल्लो गल्याङ बाटो मर्मत</td><td>५,००</td><td>०</td><td>०</td></tr>
<tr><td>सेरा कुरुङ्चे खानी सडक</td><td>९,५०</td><td>०</td><td>०</td></tr>
<tr><td>पटकाङ ग्वादि सडक स्तरोन्नती योजना</td><td>१०,००</td><td>०</td><td>०</td></tr>
<tr><td>एकिकृत खानेपानी पाइप विस्तार वडा नं. ४</td><td>७,००</td><td>०</td><td>०</td></tr>
<tr><td>पिडिखोला एकिकृत सडक सुधार तथा स्तरोन्नती</td><td>१५,००</td><td>०</td><td>०</td></tr>
<tr><td>पात्लेपोखरा मरुई डाँडाबारी सडक निर्माण</td><td>८,००</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खहरेखोला खरिपानी बज्रे सडक</td><td>५,००</td><td>०</td><td>०</td></tr>
<tr><td>माथिल्लो करादी ग्रा.स. कल्वट निर्माण</td><td>६,००</td><td>०</td><td>०</td></tr>
<tr><td>बज्रे भञ्जयाङ मा वि संचालन अनुदान</td><td>६,००</td><td>०</td><td>०</td></tr>
<tr><td>तुल्सीभञ्जयाङ साना किसान कृषि सहकारी क्षमता अभिवृद्धि</td><td>५,००</td><td>०</td><td>०</td></tr>
<tr><td>गल्याङ्ग बसपार्क निर्माण</td><td>१,००,००</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>सेवा प्रवाह<br><br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म मृत्यु तथा विवाह दर्ता २१२४ वटानाता प्रमाणित ९९४वटाघरवाटो शिफारिश ४४३वटानागरीकता शिफारिश २०७४ वटा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीतिकानून तथामापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>चौमासिक पुँजिगत खर्च<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।कुल खर्च मध्ये तेस्रो चौमासिकमा मात्र ७३ प्रतिशत खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक बर्षको अन्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ<br><br>
<table>
<tr><td rowspan="2">क्र.सं.</td><td rowspan="2">बजेटउपशीर्षक</td><td colspan="2">बजेटरखर्च</td><td colspan="2">प्रथमचौमासिक</td><td colspan="2">दोस्रोचौमासिक</td><td colspan="2">तेस्रोचौमासिक</td><td>असार महिनाको</td></tr>
<tr><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>खर्च</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुजीगत | ३९१२७५ | २४०५८७ | १३५१४२ | १९९७६ | ७८७६८ | ४५३६५ | ११८९११ | १७५२४६ | ११३३१७ |
| खर्च प्रतिशत ६१।४८ | | | | | | | | | | |

</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>

**सोझै खरिद**

सार्वजनिक खरिद नियमावली२०६४ को नियम ८४ मा रु  २० लाख भन्दा वढीको मालसामान खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्नेमा सो नगरी देहायका बिभिन्न फर्महरुबाटकार्यालय सामानहरु सिधै खरिद गरिएको तथा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरि एउटा आपुर्तिकर्तासँग उल्लेखित सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा पालिकाले प्रतिस्पर्धात्मक विधि बाट खरिद कार्य गर्नुपर्दछ।

| भौ. नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विवरण | डेबिट |
|---|---|---|---|
| 40 | मसलन्द तथा कार्यालय सामाग्री | छपाई तथा मसलन्द सामाग्री खरिद गरेबापतको रकम हिमालयन मल्टि प्रिन्ट सेन्टरलाई भुक्तानी | १५१२४९ |
| 94 | मसलन्द तथा कार्यालय सामाग्री | सामाग्री खरिद गरेबापतको रकम श्री हिमालयन मल्टि प्रिन्ट सेन्टरलाई भुक्तानी | ४४,५५५ |
| 110 | मसलन्द तथा कार्यालय सामाग्री | कम्प्यूटर खरिद बापतको रकम श्री हिमालय मल्टि प्रिन्टलाई भुक्तानी | ७८,५३५ |
| 245 | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सामाग्री खरिद बापतको रकम श्री प्रज्वल प्रन्टर्स एण्ड स्टेसनरि सप्लायर्सलाई भुक्तानी । - | १९८९५९ |

</td><td></td></tr>
</table>

| क्र.म | भौन | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | 359 | मसलन्द तथा कार्यालय सामाग्री | छपाई तथा स्टेशनरी सामाग्री खरिद गरेबापतको रकम श्री हिमालयन मल्टि प्रिन्ट लाई भुक्तानी | २३६३४७ | |
| | | | 114 | फर्निचर तथा फिक्चर्स | कार्यलयमा फर्निचर खरिद गरेबापतको रकम श्री युवा ट्रेड सप्लायर्स लाई भुक्तानी | ४९८२५० | |
| | | | 117 | फर्निचर तथा फिक्चर्स | फर्निचर खरिद गरेबापतको रकम श्री स्याङ्जाली फर्निचर एण्ड फर्निसिङ सप्लायर्स लाई भुक्तानी | ४८८००० | |
| | | | 498 | फर्निचर तथा फिक्चर्स | आवश्यक फर्निचर खरिद गरेबापतको रकम विभिन्न सप्लायर्स लाई भुक्तानी | ३३१३७० | |
| | | | 120 | फर्निचर तथा फिक्चर्स | मसलन्द सामाग्री खरिद गरेबापतको रकम श्री प्राइम टेक्नोलोजि प्रा.लि.लाई भुक्तानी | १६९८९५ | |
| | | | 75 | मेशिनरी तथा औजार | ल्यापटप खरिद बापतको रकम श्री स्कील नेट प्रा.लि.लाई भुक्तानी | १४०००० | |
| | | | 228 | मेशिनरी तथा औजार | ल्यापटप खरिद बापतको रकम श्री प्राइम टेक्नोलोजी प्रा.लि.लाई भुक्तानी | ४९०८७२ | |
| | | | 243 | मेशिनरी तथा औजार | ल्यापटप खरिद बापतको रकम श्री गैह्रे कम्प्युटर एण्ड ईलेक्ट्रोनिक्सलाई भुक्तानी | ७०,००० | |
| | | | 246 | मेशिनरी तथा औजार | कम्प्युटर तथा प्रिन्टर खरिद बापबतको रकम श्री ग्लोबल लिंक टेक्नोलोजी प्रा.लि.लाई भुक्तानी | ४९४९४० | |

<table>
<tr><th>क्र. म</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>593</td><td>मेशिनरी तथा औजार</td><td>कम्प्युटर र प्रिन्टर खरिद बापतको रकम भुक्तानी</td><td>१०९९६६</td></tr>
<tr><td colspan="3"></td><td>३५०२९३८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
आन्तरिक लेखापरिक्षण
स्थानिय सरकार संचालन ऐन २०७४,को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहको अन्तरसरकारी अख्तियारीको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भएको छ भने वाँकीको हकमा आन्तरीक लेखापरीक्षण शाखावाट भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु देहाय वमोजिम छन
<table>
<tr><th>भौ.न.</th><th>मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td rowspan="5">355</td><td rowspan="5">1/15/2079</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39 वमोजिम रित पुगे नपुगेको चेक जांच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा</td><td rowspan="5"></td></tr>
<tr><td>क- श्री जनजागृती युवा क्लवलाई भुक्तानी गरेको रु 56151 को सक्कल विल पेश नभएकोमा सक्कल विल पेश गर्नुपर्ने ।</td></tr>
<tr><td>ख- भौ न.83 मा सवारी मर्मत वापत मर्मत आदेश स्विकृत नगरी गल्याङ मोटर पार्ट्स लाई भुक्तानी दिएको रु 24500/-</td></tr>
<tr><td>ग- भौ न. 473 मा मर्मत संभार तथा संरक्षण अभिलेख खाता स्विकृत नगरी भुक्तानी भएको रु 19549/-</td></tr>
<tr><td></td></tr>
<tr><td></td><td></td><td>प्रमाणित कागज नपुगेकोः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व</td><td>५०००</td></tr>
</table>
</td><td>५८५,५८४</td></tr>
</table>

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| | | नियमावली 2077 को नियम 39 वमोजिम रित पुगे नपुगेको चेक जांच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा | |
| | | क) भौ.न. 109 मा भ्रमण भत्तावापतको रकमवाट भुपराज अधिकारीलाई हवाईजहाज भाडा वापत रु 5000 भुक्तानी गरिएकोमा वोडिङ पास समावेश नगरिएकोले खर्च एकिन नभएकोले वोडिङ पास समावेश गर्नुपर्ने । | |
| | | | |
| 192 | 10/18/2078 | ढिला राजस्व दाखिलाः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन 2076 को दफा 24 र नियमावली 2077 को नियम 39(11) मा सरकारी कारोवार गर्दा उचित गुणस्तर मितव्ययी तथा हानी नोक्सानी नहुने प्रवन्ध मिलाउनुपर्ने व्यवस्था रहेकोमा निम्न सवारी साधन नविकरण गर्दा थप दस्तुर एवं वक्यौता समेत भुक्तानी गरेकोले वढि भार परेको रु | 151184 |

| भौ.न. | सवारी नं | जरिवाना |
|---|---|---|
| चालु 192 | ग1ग 194 | 15392 |
| चालु 192 | ग 1 व 819 | 4868 |
| चालु 192 | ग1व 1302 | 3588 |
| चालु 192 | ग1व 1304 | 3588 |
| चालु 192 | ग1व 1301 | 3588 |
| चालु 192 | ग10प 7091 | 3588 |
| चालु 192 | ग1व1297 | 3588 |

| क्र.म | भौन | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | चालु 192 | ग1व 1306 | 3588 | |
| | | | | | चालु 192 | ग1व 1305 | 3588 | |
| | | | | | चालु 192 | ग1व 1305 | 3588 | |
| | | | | | चालु 192 | ग1क 4097 | 42560 | |
| | | | | | चालु 192 | ग 1 ग 186 | 15392 | |
| | | | | | चालु 192 | ग 1 झ 384 | 9760 | |
| | | | | | चालु 192 | ग 1 प 255 | 3664 | |
| | | | | | चालु 192 | ग 1 झ 335 | 13280 | |
| | | | | | चालु 192 | ग 1 व 797 | 4868 | |
| | | | | | चालु 192 | ग 1 व 1579 | 832 | |
| | | | | | चालु 192 | ग 1 व 1292 | 3588 | |
| | | | | | चालु 192 | ग 1 व 1303 | 3588 | |
| | | | | | चालु 192 | ग 1 व 1298 | 3588 | |
| | | | | | चालु 365 | लु 16प 7129 | 700 | |
| | | | | | चालु 365 | लु 68 प5997 | 700 | |
| | | | | | चालु 365 | लु 58प 8895 | 700 | |
| | | | | | | जम्मा | 151184 | |
| | | | 352 | 1/4/2079 | खरिद प्रकृया अवलम्वन नगरिएकोः सार्वजनिक खरिद ऐन 2063 र नियमावलि 2064मा खरिद विधि र प्रकृयाको व्यवस्था गरि तोकिएको ढांचामा लागत अनुमान तयार गरि खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा | | | |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | |
|---|---|---|---|
| | | यस कार्यलयले आमा समुह तथा महिला सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम वाट प्रतिगोटा रु 10,000 को दरले 40 वटा सिलाई कटाई मेसिन खरिद गरेका कार्य गरिएकोमा मेसिनरी सामानको स्पेशिफिकेसन विना खरिद गर्नु नियमसंगत देखिएन । | |
| | | भ्रमण अभिलेख नराखेकोः भ्रमण खर्च नियमावलि 2064 को नियम 21 मा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यलयले आ व 2078/079 मा विभिन्न मितिमा भ्रमण भत्ता शिर्षकवाट खर्च गरेको छ तर उक्त खर्चको भ्रमण अभिलेख नराखि खर्च गर्नु नियमसंगत देखिएन । | |
| 420 | 2/12/2079 | सोझै खरिद गरेकोः सार्वजनिक खरिद ऐन 2063 र नियमावलि 2064मा खरिद विधि र प्रकृयाको व्यवस्था रहेकोमा | 429400 |
| | | क) सवारी साधन मर्मत वापत ग्लोवल अटो ल्यान्ड प्रा.लि. लाई विना दरभाउपत्र रु 206869 भुक्तानी दिएको । | |
| | | ख) भौ.न.553 मा नापि किताव छपाई गरेवापत प्रज्वल प्रिन्टर्स एन्ड स्टेसनरी लाई विना दरभाउपत्र रु 429400 भुक्तानी भएको नियमसंगत देखिएन । | |
| | | | |
| | | | |
| | | तलवी प्रतिवेदन पारित नगरेकोः निजामती सेवा ऐन 2049को दफा 7ख मा तलवी प्रतिवेदन पास नगराई तलव खुवाउनु हुदैन भन्ने व्यवस्था रहेकोमा यस कार्यलयले | |

<table>
<tr><th>क्र.म</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>तलव भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित नगरेकोले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने ।</td><td></td></tr>
<tr><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 नियम 39,56 र 57 तथा नेपाल सरकारको लेखा निर्देशिका 2073 वमोजिम प्रमाणित पुष्ट्याइको आधारमा लेखा राख्नुनपर्ने व्यवस्था भएकोमा यस कार्यलयले विभिन्न कार्यक्रममा प्रस्तावना स्विकृत नगरी कार्यक्रम गरिएको र सो को प्रतिवेदन कार्यलय प्रमुख वाट स्वीकृत नगरी तपशिलवमोजिमका व्याक्ती/सस्था लाई भुक्तानी दिएको पाईयो।</td><td></td></tr>
<tr><td></td><td></td><td>भौ न 395 न्यु जनशान्ति युथ क्लव लाई भुक्तानी</td><td></td></tr>
<tr><td></td><td></td><td>भौ न 390 दुर्गा महिला कृषि सहकारी संस्था लि.</td><td></td></tr>
<tr><td></td><td></td><td>भौ न 394 सहकारी सञ्जाल गल्याङ</td><td></td></tr>
<tr><td></td><td></td><td>भौ न 427 लालिगुरास युवा क्लव</td><td></td></tr>
<tr><td></td><td></td><td>भौ.न. 588 गिरमान थापा - ज्येष्ठ नागरिक सम्मान ग न पा 2</td><td></td></tr>
<tr><td></td><td></td><td>भौ.न. 500 न्यु जननायक युवा क्लव</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५८५५८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>आर्थिक सहायता तथा विपद व्यवस्थापन खर्चः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्नेयस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाले विपद व्यवस्थापन कोषमा रु ८० लाख अवण्डा राखि रु ८० खर्च गरेको छ। खर्च गर्दा वास्तविक राहत तथा आर्थिक सहयोग गर्नुपर्ने व्यक्तिहरुलाई प्रकोप तथा क्षतिको मापन नगरि रु ५ देखि २५ हजार को दरले व्यक्तिहरुलाई विभिन्न भौचरबाट भुक्तानी दिएको छ। आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा सहायता दिएको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।
<table>
<tr><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>स्रोत</th><th>विनियोजन (रु हजारमा)</th><th>खर्च</th></tr>
<tr><td>विपद व्यवस्थापन कोष स्थापना</td><td>आन्तरिक श्रोत</td><td>८०,००</td><td>८०,००</td></tr>
<tr><td>विपन्न नागरिक आर्थिक सहायता</td><td>राजस्व बाँडफाँड - संघीय सरकार</td><td>२०,००</td><td>१८,०७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९८०७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>
नगरअस्पताललाई अनुदान<br><br>
सार्वजनिक खर्चमा मितव्ययिता प्रभावकारिता कायम गर्ने सम्बन्धी नीति मार्गदर्शन २०७५ को दफा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर संघ संस्थालाई आर्थिक सहायता प्रोत्साहन खर्च उपलब्ध गराउनु पर्ने उल्लेख छ।पालिका अन्तर्गतको गल्याङ्ग नगरअस्पताललाई रु ७०७२०००। अनुदान दिई खर्च गरेकोमा पालिकाले खर्चको कार्यविधि तथा मापदण्ड नबनाई खर्च गरेको पाइयो।उक्त रकम खर्च गर्दा औषधि खरिद फर्निचर तथा मेशिनरि कम्प्युटर खरिद छपाई र कर्मचारिको तलब र प्रोत्साहन भत्तामा खर्च गरेको छ। यसरि खर्च गर्दा सार्वजनिक खरिद ऐन नियमको परिपालना
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नगरेको देखियो। साथै पालिकाले नगर अस्पतालको लागि आवश्यक कर्मचारी दरबन्दि निर्धारण नगरेकोले कति संख्यामा आवश्यक हो भन्ने एकिन गर्ने नसकिएको र कति कार्यरत छन भन्ने विषय नगरपालिकालाई समेत जानाकारी नभएको पाइयो। स्रेस्ता परिक्षण गर्दा नगरअस्पताल विकास समितिले ३२ जना करारमा नियुक्ति गरि तलब भत्ता तथा प्रोत्साहन भुक्तानी गरेको पाइयो।सो जनसक्ति आवश्यक हो होइन यस सम्बन्धमा एकिन गर्ने नसकिएको साथै नगरअस्पतालको आम्दानीको समेत नगरपालिकामा रेकड नभएको पाइएकोले नगरपालिकाले अस्पतालको आम्दानी र खर्चको यथार्थ चित्रण गर्नुपर्ने देखिन्छ। नगरअस्पतालमा कर्मचारी दरबन्दि निर्धारण राजस्व संकलन तथा खर्च गर्ने मापदण्ड र कार्यविधि लगायतका विषयमा नगरपालिकाले ध्यान दिनुका साथै अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>अनुत्पादक क्षेत्रमा अत्याधिक रकम खर्चः<br><br>कार्यालले चालु प्रकृतिका कार्यमा तथा आर्थिक सहायता वितरण कार्यमा ठुलो रकम खर्च गर्दा अनुत्पादन शिल क्षेत्रमा ठुलो रकम खर्च हुन पुगेको छ। देहायअनुसारका अनुत्पादक क्षेत्रमा चालु तर्फ कार्यक्रम खर्च शिर्षकमा ठुलो रकम छुट्याइ रकम खर्च गर्दा विकास निर्माणको वजेट अन्यत्र प्रयोग भइ अपेक्षित उपलव्धी नहुने अवस्था श्रृजना भएको छ। यस्तो कार्यमा खर्च गर्ने प्रणालीमा नियन्त्रण गर्नुपर्ने पर्दछ।
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>287</td><td>दलित बाजागाजा खरिद बापतको रकम भुक्तानी</td><td>२८८१५०</td></tr>
<tr><td>289</td><td>खेलकुद सामाग्री खरिद बापतको रकम श्री मिनाङ लाङघाली खेल सामाग्री खरिद उ स लाई</td><td>४७,६७२</td></tr>
<tr><td>294</td><td>खेलकुद सामाग्री तथा भलिबल नेट खरिद गरेबापतको रकम श्री आशीष स्टेशनरीलाई भुक्तानी</td><td>४९५७५१</td></tr>
<tr><td>310</td><td>आमा समुह भाडा खरिद बापतको रकम श्री दिमिक कृषि आमा समुह लाई भुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>311</td><td>सामाग्रि खरिद बापतको रकम श्री प्रगतिशिल आमा समुहलाई भुक्तानी</td><td>१०००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्र.म | भौन | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | 317 | खेलकुद कार्यकम संचालन बापतको रकम श्री नेपाल मगर यवा संघलाई भुक्तानी | १००००० | |
| | | | 336 | भलिबल प्रतियोगिता कार्यक्रम बापतको रकम श्री नेपाल तारा युवा क्लबलाई भुक्तानीका लागी पेश | १००००० | |
| | | | 357 | भाडाकुडा खरिद बापतको रकम श्री सिमलसौरा आमा समुहलाई भुक्तानीका लागी पेश | ५०,००० | |
| | | | 368 | खेलकुद सामाग्री खरिद बापतको रकम श्री इषा ट्रेड एण्ड सप्लायर्सलाई भुक्तानी | २२०००० | |
| | | | 373 | भाँडाकुडाँ खरिद बापतको रकम श्री आलमदेवी दलित आमा समूहलाई भुक्तानीका लागी पेश | १००००० | |
| | | | 374 | खेलकुद कार्यक्रम संचालन बातपको रकम श्री कुशल युवा क्लवलाई भुकतानी | ५०,००० | |
| | | | 400 | सहकारी विषेश सामारोह संचालन बापतको रकम श्री सहकारी सञ्जाल गल्याङलाई भुक्तानी | ३००००० | |
| | | | 405 | भाडाकुडा खरिद बापतको रकम श्री कामलाङ आमा समूहलाई भुक्तानीका लागी पेश | १००००० | |
| | | | 422 | भाडाँकुडा खरिद बापतको रकम श्री राधाकृष्ण आमा समूहलाई भुक्तानीका लागी पेश | १००००० | |
| | | | 427 | खेलकुद कार्यक्रम संचालन बापतको रकम - | ३०,००० | |
| | | | 428 | खेलकुद सामाग्री खरिद बापतको रकम श्री लालीगुरास युवा क्लबलाई भुक्तानीका लागी पेश | ४०,३१८ | |
| | | | 454 | साउण्ड सिस्टम खरिद बापतको रकम भुक्तानीका लागी पेश | १५०००० | |
| | | | 456 | भाँडाकुडा खरिद बापतको रकम श्री आँधिखोला आमा समुहलाई भुक्तानीका लागि पेश | १००००० | |

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>470</td><td>भाडाँकुडा खरिद बापतको रकम श्री संघर्षशिल आमा समूहलाई भुक्तानीका लागि पेश</td><td>१०००००</td></tr>
<tr><td>477</td><td>भाडाँकुडा खरिद गरेबापतको रकम फेर्च नमखान आमा समुहलाई भुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>480</td><td>भाडाँकुडा खरिद बापतको रकम श्री गल्कोट दुर्गादेवी आमा समुहलाई भुक्तानीका लागी पेश</td><td>१०००००</td></tr>
<tr><td>485</td><td>खेलकुद समाग्री वितरण बापतको रकम श्री भुक्तानीका लागि पेश । -</td><td>९९,८००</td></tr>
<tr><td>490</td><td>भाडाँकुडा खरिद बापतको रकम श्री विश्वकर्मा समाजलाई भुक्तानीका लागी पेश</td><td>२०००००</td></tr>
<tr><td>499</td><td>भाडाँकुडा खरिद बापतको रकम श्री सूर्योदय आमा समुहलाई भुक्तानीका लागी पेश</td><td>५०,०००</td></tr>
<tr><td>514</td><td>खेलकुद तथा जिम सामाग्री खरिद बापतको रकम श्री सुनगुफा युवा क्लब भुक्तानीका लागी पेश</td><td>१५००००</td></tr>
<tr><td>536</td><td>सामाग्री खरिद बापतको रकम श्री भगवती आमा समुह लाई भुक्तानीका लागी पेश</td><td>५०,०००</td></tr>
<tr><td>538</td><td>भाडाँकुडा खरिद बापतको रकम श्री दिपज्योति आमा समुहलाई भुक्तानीका लागी पेश</td><td>२०००००</td></tr>
<tr><td>559</td><td>श्री जगत्र शिलादेवी आमा समुहलाई भुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>565</td><td>कालिका युवा क्लबलाई भुक्तानीका लागि पेश</td><td>३०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३९२१६९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>मुल्य अभिवृद्धिकर दाखिला नगरेकोः<br> ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२।३० को निर्णयबाट रु. १८३३०० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>राजस्व ढिला दाखिला</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानुनवमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोही दिन सम्भव नभए भोलिपल्ट जिम्मेवार व्यक्तीले तोकिएवमोजिम ढाँचामा राजस्वको लेखा राखी वैक दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले वडा कार्यालयमा प्राप्त राजस्व संकलन गरेको अर्को महिनामा दाखिला गर्ने गरेको पाइयो। नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्नानुसार राजस्व रकम नियामानुसार समयमा जम्मा नभई ढिला दाखिला हुने गरेको देखिन्छ। नगरपालिकाले नियमको पालना गर्दै समयमै राजस्व दाखिला गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ
<table>
<tr><th>वडा नं</th><th>राजस्व संकलन मिति</th><th>दाखिला मिति</th><th>रकम</th></tr>
<tr><td>८</td><td>श्रावण</td><td>२०७८|०५|०२</td><td>२४४७०</td></tr>
<tr><td>१</td><td>श्रावण</td><td>२०७८|०५|०४</td><td>३७८०८</td></tr>
<tr><td>४</td><td>श्रावण र भाद्र</td><td>२०७७|०६|०४</td><td>३१७६२</td></tr>
<tr><td>३</td><td>आश्विन</td><td>२०७८|०७|०३</td><td>२९६३२</td></tr>
<tr><td>९</td><td>असोज</td><td>२०७८|०७|०३</td><td>२२७८६</td></tr>
<tr><td>८</td><td>माघ</td><td>२०७८|११|०६</td><td>२१३२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
आन्तरिक आय तर्फ देखिएको व्यहोराहरु<br><br>
आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :<br>
· मनोरञ्जन करः-स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ६४ बमोजिम सिनेमाभिडियो हलसांस्कृतिक प्रदर्शन हलसंगीतथियटर मनोरञ्जन प्रदर्शन स्थलऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ।<br>
· जडीवुटी कवाडी र जीवजन्तु करःऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।<br>
· व्यवसाय करः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने उल्लेख छ पालिकाले आफ्ना क्षेत्रभित्र व्यवसाय गर्ने
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>करदाताहरुको लगत नराखेको तथा करदाताहरुको पहिचान गरेको छैन । जसको कारण उठनुपर्ने रकम प्राप्त भएको छैन । सवै व्यवसायलाइ करको दायरामा ल्याइ आन्तरीक आयमा वृद्धि गर्नुपर्ने देखिन्छ<br>· घर बहालकरः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ बमोजिम गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा कारखाना बहालमा दिएकोमा गाउँपालिका तथा नगरपालिकाले त्यस्तो बहाल रकमको १० प्रतिशत कर संकलन गर्ने उल्लेख छ।पालिकाले आफनो क्षेत्रभित्र रहेको करदाताहरुको पहिचान लगत तथा कर संकलन गरेको पाइएन। यस सम्बन्धमा पालिकाले राजस्व संकलन तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पेश्की बाँकि<br><br>........... (प्रारम्भिक प्रतिवेदन पेश्की फर्छ्यौट भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. २५१००००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>दरबन्दि बेगर करार सेवा<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. ५१९८४५० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कर्मचारीलाई भुक्तानी<br><br>अर्थ मन्त्रालयको आ व २०७७।७८ को वजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनमा नगद कारोवार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि निर्माण व्यवसायी, आपुर्तिकर्ता, सेवा प्रदायक र परामर्शदातालाइ अनिवार्य रुपमा सम्वन्धीतको वैंक खातामा भुक्तानी दिनुपर्ने व्यवस्था गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न उपशिर्षकवाट देहायअनुसारका सामानहरु खरिद गर्न पालिकाकै कर्मचारीलाइ पेश्की वा सोधभर्नाको रुपमा दिइ खर्च गरेको देखिन्छ। पेश्की वा सोधभर्नाको रुपमा सामान खरिद गर्न रकम दिनु आर्थिक अनुसासनको उल्लंघन हो।सामान खरिद गर्न व्यक्तिलाइ भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। कर्मचारीलाई पेश्की तथा शोधभर्ना दिई भुक्तानी गरेको केहि उदाहरण निम्न छन।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>खुद भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>विभिन्न कामको लागि भनि गुरेन्द्र राना लाई भुक्तानी</td><td>८४००८२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>विभिन्न कामको लागि भनि हिमलाल भण्डारी लाई भुक्तानी</td><td>१६३९८४०</td></tr>
<tr><td>३</td><td>विभिन्न कामको लागि मनिराम भट्टराई लाई भुक्तानी</td><td>७४८६०५</td></tr>
<tr><td>४</td><td>आर्थिक सहायता वितरणको लागि ढाल बहादुर के सि लाई भुक्तानी</td><td>२५०००००</td></tr>
<tr><td>५</td><td>विभिन्न कामको लागि तुलसिराम बराल लाई भुक्तानी</td><td>१८२९८९३</td></tr>
<tr><td>६</td><td>विभिन्न कामको लागि कृष्ण प्रसाद भण्डारी लाई भुक्तानी</td><td>११४९०७७</td></tr>
<tr><td>७</td><td>विभिन्न कामको लागि हान बहादुर थापा लाई भुक्तानी</td><td>६७४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>दरबन्दि बाहिरको कर्मचारीलाई पोशाक भत्ता<br><br>नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।०१।२१ को निर्णयनुसार सबै निकायमा एकरुपता कायम हुने गरि स्वीकृत दरबन्दिभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष ०७४।७५ बाट लागु हुने गरि सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता निजामति कर्मचारीले सरह उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारले सामान्य प्रशासन मन्त्रालयले २०७४।१।२५ गते परिपत्र गरेकोमा नगरपालिकाले दरबन्दि भन्दा बाहिरको (माथि उल्लेखित १८ जना) व्यक्तिहरुलाई स्वीकृत दरबन्दि वेगर करार सेवामा लिई निर्णय विपतरि पोशाक खर्च भुक्तानी भएको रु १८००००।कर कट्टी पछि प्रतिव्यक्ति रु ९९००।को दरले असुल हुनुपर्ने रु</td><td>१७८,२००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>प्रोत्साहन भत्ता<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. ३२१९००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>घटी कार्यसम्पादन जमानत<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. २१०७७१२ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>तलबि प्रतिवेदन पास नगरी तलब भुक्तानी</td><td></td></tr>
</table>

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिक्षा ऐन २०२८ बमोजिम स्थानीय तह अन्तर्गतका शिक्षकहरुको वार्षिक प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराई तलब खर्च लेख्नुपर्दछ ।पालिकाले यो वर्ष शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई रु १९ करोड ५७ लाख ५२ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको देखिएकोले कुन कुन शिक्षकले के कति तलब तथा ग्रेड पाउनुपर्ने हो यकिन गर्न सकिएन। ऐनमा भएको व्यवस्था अनुरुप तलबी प्रतिवेदन पारित गराएर सो पारित तलबी प्रतिवेदनको आधारमा तलब भत्ता खर्च लेख्नुपर्दछ । | |
| २९ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने साथै कुनै निर्माण व्यवसायी सब कन्ट्याक्टरबाट गराउन सकिने छैन भन्ने व्यवस्था छ।पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि वितरित भएको रु ३६०००००  र नगरपालिका पुँजिगत शिर्षकबाट रु १०००००० समेत रु ४६०००००  उपलब्ध गराइएकोमा उक्त संस्कृत गुरुकुलबाट निर्माण व्यवसायी ब्रह्मा विष्णु महेश्वर कन्स्ट्रक्सन कम्पनीबाट उपभोक्ता समितिबाट भएको कामको सम्झौता अनुसार नै कार्य गर्ने र कामको पारिश्रमिक पनि सोही बराबर नै लिने भनि उल्लेख भएकोले नियमावलीमा भएको व्यवस्थालाई कार्यान्वयनमा ल्याउनुपर्दछ। | |
| ३० | | | **प्रमाण कागजात पेश गर्नुपर्ने**<br><br>स्थानिय तहले नमुना विद्यालयको भौतिक पुर्वधार निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलब्ध गराउने व्यवस्थाविद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप न.११.१.२.४४५ मा उल्लेख छ।उक्त अनुदान रकम विद्यालयलाई उपलब्ध गराउँदा सम्पादन हुने कार्यक्रमको लागत अनुमान तथा विद्यालयको ड्रइङ डिजाइनिङ सहितको गुरुयोजना निर्माण सहित अनुदान माग गर्न लगाइ उपलब्ध गराउने, विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजिनक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य सञ्चालन गर्नेतथा उक्त बजेट विद्यालयलाई उपलब्ध गराउदा विद्यालय र स्थानीय तह वीच सम्झौता गरी कार्य प्रगतिका आधारमा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले गो भौ नं ११४।२०७९।०३।२४ बाट रु ६९३३००० र भौ नं ६०।२०७९।१२ बाट रु ३०००००० गरि जम्मा ९९३३०००। सार्वजनिक माध्यमिक विद्यालयलाई निकासा उपलब्ध गराएकोमा अनुदान निकासा कार्य प्रगतिको आधारमा नदिएको र सो विद्यालय भवन निर्माण कार्यको प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले खर्च पुष्टी गर्ने उक्त कागजात पेश हुनुपर्ने रु | ९,९३३,००० |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **महङ्गी भत्ता**<br><br>.......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९ / १२ / २० को निर्णयबाट रु. ४४००० /- सम्परीक्षण गरिएको ।)* | ० |
| ३२ | | | **सेनिटरी प्याड खरिद भत्ता**<br><br>सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०७६ को दफा १९(४) मा नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा वित्तिय हस्तान्तरण मार्फत प्राप्त भएको स्रोत सेनिटरी प्याड खरिद गर्न बाहेक अन्य तालिम तलब भत्ता ढुवानी प्राथमिक उपचार सामाग्रि खरिद जस्ता कुनै पनि कार्यमा खर्च गर्न नपाइने व्यवस्था छ । तर पालिकाले गो.भौ.नं ८६ बाट सेनिटरी प्याड खरिद बैठक भत्ता र गो.भौ.नं १२७ बाट भेण्डर मेसिन खरिद गर्नका लागि बैठक बसे वापत बैठक भत्ता भुक्तानी भएकोले असुल गर्नुपर्ने रु | ९५,२०० |
| ३३ | | | **सामि परियोजना**<br><br>सुरक्षित आप्रवासन परियोजनाको लागि अन्धाअन्धि सामुदायिक विकास केन्द्रसँग मिति २०७६।०८।०१ देखि २०७८।०३।३१ मसान्तसम्म लागु हुने स्टाण्डर्ड फर्म अफ कन्स्ट्राक्ट गरेको छ । सम्झौताको अवधिमा पनि प्रत्येक वर्ष सम्झौतालाई नविकरण गर्नुपर्ने व्यवस्था रहे अनुसार यस नगरपालिकाले सम्झौता नविकरण गरी आर्थिक शर्त तथा सम्झौताको गुणस्तर अभिवृद्धिको लागि मिति २०७६।०८।०१ मा भएको सम्झौतामा उल्लेख गरिएको कार्य शर्त अनुसार नै लागु हुने गरी उल्लेख गरेको छ । लेखापरीक्षणमा सम्झौता माग गर्दा पेश हुन सकेन । सुरुवाती सम्झौता रकम तथा कार्य शर्त बारे प्रष्ट हुन सकेन । यो वर्ष अन्धाअन्धि सामुदायिक विकास केन्द्रसँग रु १९९९७७२।१९ को सम्झौता गरी सामुदायिक विकास केन्द्रले पेश गरेको बिलका आधारमा सोही अनुसार नै भुक्तानी भएको छ । कार्यालयले यो वर्ष गरेको नविकरण सम्झौतामा उल्लेख गरिएका कार्यक्रमहरुको समेत भुक्तानी भएकोमा कार्यक्रम भए नभएको सम्बन्धमा कार्यक्रमको विस्तृत विवरण पेश नगरी कार्य प्रगतिका आधारमा भुक्तानी हुने गरेको देखिन्छ । एउटै संस्थाले विभिन्न स्थानीय तहमा सम्झौता गरी जिल्लास्तरमा गरेको संयुक्त कार्यक्रमको लागत अनुमान तथा खर्च विवरण संक्षिप्त प्रतिवेदनको आधारमा भुक्तानी गरेकोले दोहोरो पर्नसक्ने स्थिति देखिन्छ । यस सम्बन्धमा गत विगत वर्षहरुमा भएको कार्य प्रगतिको समेत मुल्याङ्कन गरी एकै कार्यक्रमको लागि फरक फरक स्थानीय तहबाट दोहोरो भुक्तानी नभएको सम्बन्धमा सुनिश्चितता गरी | |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्झौताको कार्यान्वयन गर्नुपर्ने देखियो । साथै कार्य प्रभावकारी रुपमा सञ्चालन भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ३४ | 87 | २०७९-३-१० | **सेनिटरी प्याड खरिदमा देखिएका व्यहोराहरु**<br><br>पालिकाले यस बर्ष श्री रक्षा सर्जिकल्सबाट१०१८९ थान स्यानिटरी प्याड खरिद गरि रु ८६६०६५। खर्च लेखेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः<br>**लागत अनुमान वेगर खर्चः** सार्वजनिक निकायले माल सामानको लागत अनुमान तयार गर्दा चालु आ.वा, अघिल्लो बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दर, अन्य बजारको प्रचलित दरभाउ, मालसामानको आपुर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानीत ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट जस्ता पक्षलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियमा ११ मा उल्लेख छ। कार्यालयको यस बर्ष १०१८९ थान स्यानीटरी प्याड खरिद कायको लागि उपरोक्त व्यवस्था बमोजिको लागत अनुमान तयार नगरी ३ वटा विक्रेता फर्मको दर को तुलना गरी खरिद कार्य गरेको छ। लागत अनुमान वेगर बिक्रेता फर्मको दर लाई मात्र आधार लिई खरिद कार्य गरेको कारण कार्यालयको खरिद कार्य प्रतिस्पर्धात्मक मितव्ययी भयो भन्न सक्ने अवस्था देखिएन। खरिद कानुनमा भएको व्यवस्था अनुसार लागत अनुमान बनाई प्रतिस्पर्धा लाई सुनिश्चीत गरी खरिद कार्य गरिनु पर्दछ।<br>**सम्झौताभन्दा बढी रकम भुक्तानीः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०७६को दफा १९(४) मा नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा वित्तिय हस्तान्तरण मार्फत प्राप्त भएको स्रोत सेनिटरी प्याड खरिद गर्न बाहेक अन्य तालिम तलब भत्ता ढुवानी प्राथमिक उपचार सामाग्रि खरिद जस्ता कुनै पनि कार्यमा खर्च गर्न नपाइने व्यवस्था छ । पालिकाले सेनिटरी प्याड खरिदका लागि ३ वटा कम्पनीसँग कोटेशन माग गर्दा सबैभन्दा कम दररेट (रु ८५) पेश गरेको श्री रक्षा सर्जिकल्ससँग रु ८५ का दरले १०१८९ परिमाणमा सेनिटरी प्याड खरिद गर्ने तथा भेण्डिङ मेसिन खरिद गर्ने निर्णय गरेकोमा रक्षा सर्जिकल्सले Transportation Cost क्रमशः रु १८८४९.९९ र रु १९९११.५१ समेत उल्लेख गरि बिल पेश गरेकोले खरिद सम्झौता भन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु | ३८,७६१.५ |
| ३५ | | | **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।पालिकाले | ५,०००,००० |

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भौ नं ८५।२०७९।०३।१० बाट नमुना विद्यालयको शैक्षिक व्यवस्थापन अनुदान कार्यक्रम अन्तर्गत सार्वजनिक माध्यमिक विद्यालयहरुलाई अनुदान निकासा भएकोमा प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>बिल भरपाई पेश गर्नुपर्ने<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. १५००००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>गत वर्षको भुक्तानी<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. ६५४००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>बिल भरपाई तथा कार्यसम्पन्न पेश गर्नुपर्ने<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।पालिकाले भौ नं ११३।२०७९।०३।२४ बाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्न विद्यालयहरुलाई २ कोठे र ४ कोठे भवन निर्माणको लानि अनुदान निकासा भएकोमा प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु
<table>
<tr><td>सि नं</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>२</td><td>बालकल्याण आ वि</td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>जानकि आ वि</td><td>३६००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५४०००००</td></tr>
</table></td><td>५,४००,०००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>सामुदायिक सिकाई केन्द्रलाई अनुदान</td><td></td></tr>
</table>

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं. २.७.१३.११ मा स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ व को खर्च स्वीकृत गरेको साथै लेखा परीक्षण गरी प्रतिवेदन पेश गरेको केन्द्रहरुलाई एकमुष्ठ रु २ लाख रकम अनुदान उपलब्ध गराउने व्यवस्था गरेको । पालिकाले स्थलगत निरीक्षण नगरी ३ वटा सिकाइ केन्द्रहरुलाई रु ५ लाख अनुदान उपलब्ध गराएकोमा उक्त सिकाई केन्द्रहरुले कार्यसम्पन्न प्रतिवेदन पेश नगरेकोले अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न नसकिने भएकोले पालिकाले स्थलगत निरीक्षण तथा तोकिएको मापदण्ड पालनाका आधारमा भुक्तानी दिनुपर्दछ । | |
| ४० | | | **कृषि अनुदान**<br><br>यस पालिकाले विभिन्न कृषि कार्यक्रममा बजेट विनियोजन गरी विभिन्न कृषक समुह तथा समितिलाई मध्य अनुदान वितरण गरेको छ।सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।कार्यालयले साना साना कार्यक्रम वनाई वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा तपशिल बमोजिमका कृषक समुह,उपभोक्ता समितलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्येश्य अनुरुप अनुदानको सदुपयोग भएको हो होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन।यसमा कार्यालयले सुधार गर्नुपर्दछ।<br>यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन। | |

| भौ नं | कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|---|
| ३८ | आलुको बिँउ वितरण | विभिन्न कृषि तथा पशुपालन समुह | ५०८००० |
| ३० | आलुको बिँउ वितरण | दानसाफाँट कृषक समुह | २४००० |

| क्र.म | भौन | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ८६ | मकैको बिँउ वितरण | विभिन्न कृषक | १५२००० | |
| | | | ८५ | एभोकाडो विरुवा वितरण | सिंजाली सामुहिक खेति समुह | १८६००० | |
| | | | ८७ | आलु खेति | ४० जना कृषकलाई आलु, विषादि तथा स्प्रेयर वितरण | ५२२२५० | |
| | | | ९४ | तरकारी पकेट कार्यक्रम | टनेल खेति करेला काक्रो लौका लगायतका विँउ वितरण | ९५८१२५ | |
| | | | ९५ | गाई पकेट कार्यक्रम | युवा जागरण कृषि पशु तरकारी फलफुल सहकारी संस्था | २२५३४३१ | |
| | | | ९६ | बाख्रा पकेट कार्यक्रम | बोयर बोका तथा बाख्रा वितरण | ४७१००० | |
| | | | ६४६ | बाख्रा अनुदान कार्यक्रम | बाख्रा वितरण | ९६०००० | |
| | | | १२७ | कुखुरा चल्ला वितरण | विभिन्न कृषक तथा पशुपालन समुह | १३४२६४५ | |
| | | | ६६१ | मागमा आधारित कृषि कार्यक्रम | विभिन्न कृषक तथा कृषक समुहलाई तरकारी विउँ विजन वितरण | २९४९०० | |
| | | | १५८ | मागमा आधारित कृषि कार्यक्रम | विभिन्न कृषक तथा कृषक समुहलाई लहरे तरकारी विउँ विजन वितरण | १६२२०० | |
| | | | १६१ | विउविजन वितरण | विभिन्न कृषक तथा कृषक समुहलाई तरकारी विउँविजन वितरण | १५५००० | |
| | | | ६७६ | प्लाष्टिक सिट वितरण | विभिन्न व्यक्ति तथा समुहलाई प्लाष्टिक सिट वितरण | २४६९०० | |

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>हाते ट्याक्टर तथा कम्बाईन मिल वितरण</td><td>विभिन्न व्यक्ति तथा समुहलाई वितरण</td><td>२३०६४७३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१०५४२९२४</td></tr>
</table>
यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।
(क) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । गाउँपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ गाउँपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।
(ख) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकाबाट सञ्चालन गरेको भएता पनि कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै कार्यक्रममा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनैमा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।
(ग)पालिकाले कृषि तथा पशुपालनमा संलग्न कृषकको उद्‌यमशिलतालाई प्रोत्साहन गर्न तथा उनीहरुको आयस्तर वृद्‌धी गर्नका लागि कृषि अनुदान उपलब्ध गराएको देखिन्छ। पालिकाले अनुदान प्राप्त गर्नेलाभग्रीहिको अभिलेख विवरण अध्यावधिक नगरेकोले वास्तविक र अनुदान पाउन योग्य किसानहरुले नै पाएको छ भन्नसक्ने अवस्था रहेको दैखिदैन।पालिकाले कृषकहरुको विवरण अध्यावधिक गरी कृषि तथा पशुपालन अनुदान प्रक्रियालाई अनुदानमैत्री वनाउनु पर्दछ।
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>कुखुराको चल्ला</td><td>४८१,४१५</td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
कुखुराको चल्ला वितरण कार्यक्रम तथा सो सँग सम्बन्धित कार्यक्रमहरुमा ५०।५० प्रतिशत अंश हुनुपर्ने व्यवस्था भए बमोजिम देहाएका कार्यक्रमहरुमा बराबर अंश नभएको तथा प्राय कार्यक्रममा पालिकाबाट १०० प्रतिशत अनुदान भएको देखियो। सो कार्यक्रमको पनि अंश बराबर हुनुपर्ने देखिएकाले अनुदान रकमको वितरणमा एकरुपता नभएकोले नगरपालिकाबाट बढी अनुदान दिएकोले ५० प्रतिशत अनुदान वापत रु ५८६५९५ हुनुपर्नेमा संस्थाको योगदान रु १०५१८० मात्र भएकोले योगदानको अंश कम भएको रु
<table>
<tr><th>कार्यक्रम</th><th>रकम</th><th>नगरपालिका</th><th>संस्था</th></tr>
<tr><td>चल्ला ड्युल प्रपोज</td><td>२६२९५०</td><td>१५७७७०</td><td>१०५१८०</td></tr>
<tr><td>खोप र डेन्चिङ</td><td>३८००००</td><td>३८००००</td><td></td></tr>
<tr><td>ढुट काट्ने</td><td>७८६००</td><td>३८००००</td><td></td></tr>
<tr><td>ढुवानी</td><td>१३१३४०</td><td>१३१३४०</td><td></td></tr>
<tr><td>तालिम</td><td>३२०३००</td><td>३२०३००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>११७३१९०</td><td>१०६८०१०</td><td>१०५१८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
बाख्रा वितरण कार्यक्रम<br><br>
३८।२०७९।०३।१४ पालिका तथा समुह तथा व्यक्तिको योगदान ५० प्रतिशत हुने कार्यविधिमा उल्लेख छ। पालिकाले वडा नं ०६ मा देहाएका समुहबाट बाख्रा तथा बोका खरिद गरी ल्याई विभिन्न व्यक्तिलाई वितरण गरेको देखियो। वितरण गर्दा पालिका र व्यक्तिको अंश बराबर हुने गरी वितरण गर्नुपर्नेमा पालिकाले रु ४००००० मात्र खर्च गर्नुपर्नेमा ४७१००० खर्च गरेकोले ५०।५० अनुदानले ३५५०० बढी भुक्तानी भएको रु
<table>
<tr><th>खरिद गरेको</th><th>बाख्रा।बोका संख्या</th><th>रकम</th></tr>
<tr><td></td><td>बाख्रा १०</td><td>१०००००</td></tr>
<tr><td>दिल तारा बाख्रापालन समुह, थामे</td><td>बोका २</td><td>२५००००</td></tr>
<tr><td></td><td>बाख्रा १०</td><td>१०००००</td></tr>
</table>
</td><td>३५,५००</td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>दुर्गादेवी स्वरोजगार कृषि तथा पशुपालन फर्म</td><td>बोका ३</td><td>७५०००</td></tr>
<tr><td></td><td>बाख्रा २०</td><td>२०००००</td></tr>
<tr><td>जुना बाख्रापालन फर्म</td><td>बोका ३</td><td>७५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>मकैको बिउँ बढि दरमा खरिद<br><br>स्वीकृत जिल्ला दर अनुसार बिउ खरिद गर्नुपर्दछ।स्वीकृत जिल्ला दर अनुसार मकै प्रति के जी रु ८० का दरले खरिद गर्नुपर्नेमा रु १०० का दरले ४३०५ के जी को रु ४३०५०० विभिन्न सरकारी संस्थाबाट खरिद गरी ल्याएकोमा रु ८६१०० बढी खर्च गरेकोमा समुहको ५० प्रतिशत रु ४३०५० घटाई बाँकी पालिकाबाट बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु</td><td>४३,०५०</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>आलुको विउँ खरिद<br><br>स्वीकृत जिल्ला दर अनुसारको विउ खरिद गर्नुपर्दछ। पालिकाले जिमुवा कृषि उपज कृषि सहकारी संस्था लिमिटेडबाट ६२०० के जी को रु ४९६००० भगवती भैँसीपालन तथा कृषि उत्पादन केन्द्रबाट १२५०० के जी को रु १००००००, केन्द्रबाट ६००० के जी को ४८०००० समेत २४७०० के जी को रु १९७६००० आलुको विउ खरिद गरी निम्न लेखिए बमोजिम व्यक्ति, समुह तथा सहकारी संस्थालाई विउ उपलब्ध गराई ५० प्रतिशत अनुदान स्वरुप पालिकाले रु ९८८००० भुक्तानी गरेको देखियो।यो वर्षको जिल्ला दरमा आलुको बिउको दर उल्लेख छैन। यसरी आलुको विउको दर उल्लेख नहुँदा प्रतिस्पर्धात्मक किसिमबाट खरिद गर्नुपर्नेमा सो समेत नगरी सोझै खरिद गर्दा बिउ खरिदमा प्रतिस्पर्धा समेत भएको देखिएन। प्रतिस्पर्धा हुने गरी बिउ खरिद गर्नुपर्दछ।
<table>
<tr><td>वितरण गरेको संस्था वा समुह</td><td>वितरित के जी</td><td>रकम</td><td>५० प्रतिशत अनुदान</td></tr>
<tr><td>नमुना कृषक समुह, वडा नं ५</td><td>१०००</td><td>८००००</td><td>४००००</td></tr>
<tr><td>उम्रीचौर कृषि तथा पशुपंक्षी समुह ५</td><td>११००</td><td>८८०००</td><td>४४०००</td></tr>
<tr><td>जनसेवा कृषि तथा पशुपालन समुह ४</td><td>११५०</td><td>९२०००</td><td>४६०००</td></tr>
<tr><td>जनसेवा कृषक समुह, वडा नं ६</td><td>२०००</td><td>१६००००</td><td>८००००</td></tr>
<tr><td>जि एम सी कृषि तथा पशुपालन ३</td><td>९५०</td><td>७६०००</td><td>३८०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कर्माचौर महिला कृषि समुह ११</td><td>६५००</td><td>५२००००</td><td>२६००००</td></tr>
<tr><td>दनसाफाट कृषक समुह ११</td><td>६०००</td><td>४८००००</td><td>२४००००</td></tr>
<tr><td>विभिन्न ४० जनालाई, वडा नं ४</td><td>६०००</td><td>४८००००</td><td>२४००००</td></tr>
<tr><td>जम्मा</td><td>२४७००</td><td>१९७६०००</td><td>९८८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>बाख्रा पकेट<br><br>९६।२०७९।०३।२४ बाख्रा पकेट कार्यक्रम सञ्चालन गर्दा पालिका तथा समूह तथा व्यक्तिको अंश बराबर हुने गरी खरिद गर्नुपर्नेमा वोयर बोका १० वटा खरिदको रु २५०००० (५०।५०) अनुदानको हिसाबले रु १२५००० र समुह तथा व्यक्तिले १२५००० व्यहोर्नु पर्नेमा रु १०५००० मात्र समुहले व्यहोरेकोले ५० प्रतिशतले समुहको कम योगदान रहेकोले असुल गर्नुपर्ने रु</td><td>२०,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>दुध अनुदान<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले दुधमा प्रति लिटर रु १५ अनुदान दिएको भनि निम्न गोश्वारा भौचर तथा मितिबाट निम्नानुसार भुक्तानी दिएकोमा बिल संलग्न नराखी अर्थात कम बिल संलग्न राखि खर्च गरेकोले उक्त बिल भरपाई भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं</th><th>मिति</th><th>संस्थाको नाम</th><th>दुध लिटर</th><th>प्राप्त भएको बिल लिटर</th><th>नपुग बिल लिटर</th><th>नपुग रकम</th></tr>
<tr><td></td><td></td><td>गौमुख दुग्ध उत्पादक सहकारी संस्था</td><td>९०५५</td><td>५६९६.५</td><td>३३५८.५</td><td>५०३७७</td></tr>
<tr><td></td><td></td><td>जनप्रिय दुग्ध उत्पादक सहकारी संस्था</td><td>२७०८</td><td>१६४८.५</td><td>१०५९.५</td><td>१५८९३</td></tr>
<tr><td></td><td></td><td>जनकल्याण दुग्ध संकलन केन्द्र</td><td>१८०२४</td><td>९६१३.६</td><td>८४१०.४</td><td>१२६१५६</td></tr>
</table>
</td><td>२,०४३,९६०</td></tr>
</table>

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कालिगण्डकी दुग्ध उत्पादक संस्था | २९०५६ | १६१२३.५ | १२८४२५० | १९२५३८ |
| | | कालिगण्डकी दुग्ध संकलन केन्द्र | १७५८२ | ९५७२ | ८०१० | १२०१५० |
| | | चितडाँडा दुग्ध उत्पादक संस्था | ६३२० | ४३३६ | १६८४ | २५२६० |
| | | जनकल्याण दुग्ध उत्पादक संस्था | ४५९८५ | २२०१२ | २३९७३ | ३५९५८० |
| | | त्रिलोकेश्वर दुग्ध संकलन केन्द्र | ८२७६ | ३८९७ | ४३७९ | ६५६८५ |
| | | विन्ध्यावासिनी फर्म | २२२५९ | ६४९३.५ | १५७६५.५ | २३६४८३ |
| | | भारती वि.क. | ६६७ | ४९० | १७७ | २६६५ |
| | | उत्तरवाहिनी फर्म | १६७१ | ७६३.५ | ९०७.५ | १३६१३ |
| | | सिद्ध दुग्ध उत्पादक संस्था | ६०२६ | २८१२.५ | ३२१५.५ | ४८२०३ |
| | | जनसेवा कृषक समुह | ६११६ | ३६४८.५ | २४६७.५ | ३७०१३ |
| ३६ | २०७८।११।०१ | युवा जागरण कृषि सहकारी संस्था | २११५४ | १२३०३.५ | ८८५०.५ | १३२७५८ |
| | | लक्ष्मी भैँसी पालन फर्म | ६१३४ | ३६५२.५ | २४८१.५ | ३७२२३ |
| | | शितल चौपारी दुग्ध उत्पादक संकलन केन्द्र | १४७२७ | ७५६५.५ | ७१६१.५ | १०७४२३ |
| | | बस्याल एण्ड ब्रदर्श गाई फर्म | १६९७ | ४२९.३ | १२६७.७ | १९०१६ |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गौमुख दुग्ध उत्पादक संघ | ४८४६ | ९४६ | ३९०० | ५८५०० |
| | | जनकल्याण दुग्ध संकलन केन्द्र | ६२९२ | ४२७२ | २०२० | ३०३०० |
| | | कालिगण्डकी दुग्ध उत्पादक संस्था | १४६०० | ९७०० | ४९०० | ७३५०० |
| | | कालिगण्डकी दुग्ध संकलन केन्द्र | ५६६१ | ३३०१ | २३०० | ३४५०० |
| | | चितडाँडा दुग्ध उत्पादक संस्था | १९८९ | १३५८.५ | ६३०.५ | ९४५८ |
| ९५ | २०७९।०३।२४ | जनकल्याण दुग्ध उत्पादक संस्था | २१२६२ | १४२२२ | ७०४० | १०५६०० |
| | | त्रिलोकेश्वर दुग्ध संकलन केन्द्र | २५१६ | १७१६ | ८०० | १२००० |
| | | विन्ध्यावासिनी फर्म | ११५६८ | ७८४७.५ | ३७२०.५ | ५५८०८ |
| | | उत्तरवाहिनी फर्म | ८७६ | ५७६ | ३०० | ४५०० |
| | | सिद्ध दुग्ध उत्पादक संस्था | २४७५ | १७७४.५ | ७००.५ | १०५०८ |
| | | युवा जागरण कृषि पशु सहकारी संस्था | १०३४३ | ६३९३ | ३९५० | ५९२५० |
| जम्मा | | | | | | २०४३९६० |

| क्र.म | भौन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **बिमा**<br>.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. ९०३५४२।- सम्परीक्षण गरिएको ।)* | ० |

<table>
<tr><th>क्र.म</th><th>भौन</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>

**पदाधिकारीलाई दोहोरो अनुगमन भत्ता**

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता दिने गरेको देखिन्छ तर यस स्थानीय तहले विभिन्न कामको अनुगमन गरेको भनि पालिकाका पदाधिकारीलाई अनुगमन भत्ता भुक्तानी दिएकोले अनुगमन सम्वन्धमा कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएको यसरी कानूनी आधार वेगर भत्ता वापत रकम भुक्तानी गर्नु गरेको असुल हुनुपर्ने रु

<table>
<tr><th>गो.भौ.नं.</th><th>मिति</th><th>नाम र पद</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>नगर प्रमुख श्री भुपराज अधिकारी</td><td>९०००</td></tr>
<tr><td>२८</td><td>२०७८।०९।२६</td><td>नगर उप प्रमुख श्री देवीसरा थापा</td><td>९०००</td></tr>
<tr><td></td><td></td><td>नगर प्रमुख श्री भुपराज अधिकारी</td><td>२०००</td></tr>
<tr><td></td><td></td><td>नगर उप प्रमुख श्री देवीसरा थापा</td><td>२०००</td></tr>
<tr><td>२९</td><td>२०७८।०९।२६</td><td>वडा अध्यक्ष वडा नं २ श्री राम बहादुर गुरुङ</td><td>२०००</td></tr>
<tr><td></td><td></td><td>वडा सदस्य श्री गणेश प्रसाद बस्याल</td><td>२०००</td></tr>
<tr><td></td><td></td><td>नगर प्रमुख श्री भुपराज अधिकारी</td><td>५०००</td></tr>
<tr><td>४१</td><td>२०७८।११।१२</td><td>नगर उप प्रमुख श्री देवीसरा थापा</td><td>५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६०००</td></tr>
</table>

</td><td>३६,०००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**दोहोरो प्रोत्साहन भत्ता**

**..........** *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु. ३१७२६७।- सम्परीक्षण गरिएको ।)*

</td><td>०</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>

**कार्यापालिका सदस्यलाई बढी तलब भुक्तानीः**

**..........** *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९। १२।२० को निर्णयबाट रु. २६१३३ ।- सम्परीक्षण गरिएको ।)*

</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्र.म</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>सि सि टि भि जडानको प्रमाण पेश गर्नुपर्ने<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिनु आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। पालिकाले सि सि टि जडान तथा खरिदको लागि स्याङ्गजा मिडिया प्रा लि लाई रु ४२०१३४। भुक्तानी दिएकोमा कार्यालयले जडान गरेको प्राविधिक मुल्यांकन तथा बिल पेश नगरेकोले सि सि टि भि जडानको बिल भरपाई पेश गर्नुपर्ने रु</td><td>४२०,१३४</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>अनुगमन भत्ता<br><br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता दिने गरेको देखिन्छ र त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने कानुन छैन साथै नेपालको संविधानले वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ। तर यस स्थानीय तहले विभिन्न कामको अनुगमन गरेको भनि पालिकाका पदाधिकारी तथा कर्मचारीलाई खाजा खर्च भनि अनुगमन भत्ता भुक्तानी गरेको छ। अनुगमन सम्वन्धमा कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएको र कर्मचारीको हकमा समेत यस्तो भत्ता पाउने कुनै कानूनी आधार नभएकोमा पालिकाले उक्त भत्ता वितरण गरेको छ। यसरी कानूनी आधार वेगर भत्ता वापत रकम भुक्तानी गर्नु अनियमित देखिएको रु<br><br>
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>भत्ता रकम</th></tr>
<tr><td>१९७</td><td>योजनाहरुको कार्यन्वयनको अनुगमन विभिन्न १७ जना पदाधिकारी तथा कर्मचारी</td><td>७६४३००</td></tr>
